सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

प्रदेश नं. ५, नेपाल

च.नं.

प.सं. ०७७/०७८

मितिः- २०७७.५.२४

---

## लम्पी स्किन रोग सम्वन्धि

## सुचना !सुचना !सुचना !

नेपालको विभिन्न क्षेत्रमा खास गरि पुर्वी तराईका केही जिल्लाका स्थानहरुमा समेत गाई भैसीमा ज्वरो सहित,घाटी, टाउको,कल्चौडो,खुट्टा पाता लगायत शरीरको अन्य भागमा डाबर जस्तो गाठाहरु आउने, पशु झोक्राउने,खाना नखाने,दुब्लाउदै जाने, दुध उत्पादन घट्ने खुटा सुनिने खोच्याउने, र मृत्यु हुन सक्ने आदि लक्षण युक्त रोगको नमुना परिक्षण गर्दा **लम्पी स्कीन रोग** भएको प्रमाणित भएको हुदा सरोकारवाला सबैमा आवश्यक सावधानीका लागि सुचित गरिन्छ, यो रोग विषाणु बाट लाग्ने तथा लामखुट्टे र भुसुनाको टोकाइ बाट एक पशु बाट अर्को पशुमा सर्ने हुन्छ । यस रोगको खास उपचार छैन, त्यसैले पशुहरुमा सक्रमणको भयावह स्थिती आउन सक्छ । उक्त रोग रोगथामका लागि सरावल गाउपालिका क्षेत्र भित्र र बाहिरका सम्पुर्ण कृषकवर्गहरुमा तपसीलका विधि अपनाउन यसै सुचना द्वारा जानकारीका लागि अनुरोध गरिन्छ ।

<u>तपसील</u>

- पशुको गोठ सधै ओभानो र सफा राख्ने ।
- भकारोमा पानी र पिसाब जम्न नदिने ।
- मलखाद गोठबाठ कम्तीमा ५ मिटर टाढा राख्ने ।
- गोठको वरिपरि पानी जम्न नदिने, साथै पानी जमेको स्थान पुर्ने सो स्थान वरपर फिनेल पानी छर्केर लामखुट्टे भुसुना भगाउने वा मार्ने ।
- लामखुट्टे र भुसुना साझको बेलामा सक्रिय हुने भएकाले सो समयमा गोठ वरपर सुरक्षित तवरले धुवाउने ।
- गोठको जैविक सुरक्षाको लागि अनावश्यक मानिसको आवतजावत रोक्ने ,यदि आवतजावत गर्नैपर्ने भएमा गेटमा चुनापानीको घोलमा खुट्टा डुवाउन लगाउने ।
- संक्रमण फैलिएको तथा उच्च जोखिम भएको स्थानबाट पशु खरिद नगर्ने ।
- माथि उल्लेखित लक्षणसंग मिल्दोजुल्दो लक्षण रोग देखिएमा सरावल गाउपालिकाको पशु सेवा शाखा वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र रुपन्देही वा सम्पर्क केन्द्र परासी नवलपरासीमा सम्पर्क गर्नुहोला ।

..........................................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

---